आज मिति २०८१।०२।०३ गते (ने.स. ११४४ बछलाथ्व अष्टमी ) विहिबारका दिन विहान ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को १९ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | [signature] |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | [signature] |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | [signature] |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | [signature] |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | [signature] |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | [signature] |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | [signature] |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | [signature] |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | [signature] |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | [signature] |
| मिठु वि.क | सदस्य | [signature] |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | [signature] |
| भिम बहादुर सेर्पुजा | का.वा. वडाध्यक्ष ( वडा नं ४)- आमन्त्रित सदस्य | [signature] |

अन्य उपस्थिती

[signature] १) रमेश थापा, सूचना प्रविधि अधिकृत

२) प्रेम पराजुली, वरिष्ठ लेखा सहायक

निर्णय नं. १ :

प्रस्ताव नं. १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा सवै निर्णयहरु कार्यान्वयन भएको पाइयो ।

क) प्रशासकीय भवनको लागि जग्गा प्राप्तिको मिति २०८१।०१।२५ को निर्णय कार्यान्वयनको लागि आवश्यक प्रकृया अघि बढाउने ।

ख) गाउँसभाको १८ औ अधिवेशनबाट कार्यालयहरु मर्मत,रंगरोगन तथा व्यवस्थापनको लागि विनियोजित बजेटबाट तपसिलको लागत इष्टिमेट तयार भई वडा नं २ को कार्यालय मर्मत तथा रंगरोगन कार्यसम्पन्न भएको पाइयो । अन्य कार्यालयहरु तपसिल अनुसार नै कार्यान्वयन गर्ने।

| क्र.स. | आयोजनाको नाम | ठेगाना | लागत ईष्टिमेट | कैफियत |
|---|---|---|---|---|
| १ | वडा कार्यालय र स्वास्थ्य चौकी मर्मत तथा रंगरोगन | वडा नं १, दोवा | १,२७,९४१.८० | |
| २ | वडा कार्यालय मर्मत तथा रंगरोगन | वडा नं २ भू-तातोपानी | १,१५,५३३.१४ | सम्पन्न भइसकेको |
| ३ | स्वास्थ्य चौकी मर्मत तथा रंगरोगन | वडा नं २ भू-तातोपानी | २४४०५९.०२ | |
| ४ | वडा कार्यालय मर्मत तथा रंगरोगन | वडा नं ३ दाना | १,५३,३२२.२६ | |
| ५ | वडा कार्यालय मर्मत तथा रंगरोगन | वडा नं. ४ नारच्याङ | ० | आवश्यक नरहेको। |
| ६ | वडा कार्यालय मर्मत तथा रंगरोगन | वडा नं ५ शिख | २,०२,४८३.१७ | |
| ७ | वडा कार्यालय मर्मत तथा रंगरोगन | वडा नं ६ घार | १००,२७१.४२ | |
| ८ | वडा कार्यालय मर्मत तथा रंगरोगन | वडा नं. ७ हिस्तान | ० | आवश्यक नरहेको |
| ९ | स्वास्थ्य चौकी मर्मत तथा रंगरोगन | वडा नं. ८ राम्चे | २,५६,३८९.१९ | |
| | जम्मा लागत रु | | १२,००,०००/- | |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

निर्णय नं. २

प्रस्ताव नं. २ मा रहेको गाउँपालिका स्तरीय योजना अनुगमन समितिले बैशाख महिनामा तपसिलका आयोजनाहरुको अनुगमन गरेको उपाध्यक्ष दिवा कुमारी तिलिजा पुन मार्फत जानकारी भयो । सो अनुसार भुक्तानी भएका योजनाको अनुमोदन गर्ने र भुक्तानी हुन बाँकी योजनाको भुक्तानी दिने ।

तपसिल :

| क्र.स. | योजनाको नाम | ठेगाना | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कामखोला देखि भुमेथान सम्म गोरेटोबाटो तथा शौचालय निर्माण | वडा न. ३ | ७,००,०००/- | |
| २ | बाँझोखर्क देखी बाँझोढुङ्गासम्म गोरेटो बाटो निर्माण आयोजना | वडा नं ३ | ३५४७८०/- | प्रधानमन्त्री रोजगार |
| ३ | किम्लिबराह जाने बाटो निर्माण तथा मर्मत सम्भार आयोजना | वडा नं ३ | ३४६९५० | प्रधानमन्त्री रोजगार |
| ४ | नारच्याङ झरनामा रेलिङ्ग निर्माणा | वडा नं ४ | ७,००,०००/- | |
| ५ | पटार पुलचोक देखि पटार चौतारासम्म गोरेटो बाटो | वडा नं ४ | ३,००,०००/- | |
| ६ | ठाडेश्वारा गाडपार जाने छेर्का भन्ने ठाउमा कल्भर्ट पुल निर्माण | वडा नं ४ | ९,००,०००/- | निर्माणाधिन |
| ७ | छेम्दी कृषि सडक निर्माण आयोजना | वडा नं. ४ | ८३,५०,०००/- | |
| ८ | पाउद्वार आमा समूह सामग्री खरिद | वडा नं ५ | १,५०,०००/- | |
| ९ | किन्दु आ.वि. व्यवस्थापन | वडा नं ५ | १,२५,०००/- | |
| १० | पाउद्वार स्वास्थ्य इकाई व्यवस्थापन | वडा नं ५ | १,००,०००/- | |
| १२ | रेडक्रस व्यवस्थापन निर्माण | वडा नं ५ | १,००,०००/- | |
| १३ | स्वाभित्ता गाउँबाट स्वाँत गाउँजाने गोरेटो बाटो निर्माण | वडा नं ५ | ३,००,०००/- | |
| १४ | न्यू कान्छी बराह युवाकल्वको खेलमैदानमा ग्याविन | वडा नं ५ | १९,५०,०००/- | |
| १५ | शिख खिवाङ पुल तारजाली | वडा नं ५ | ५०,०००/- | |
| १६ | खिवाङ आ.वि. को अफिस व्यवस्थापन (फर्निचर) | वडा नं ६ | १,६०,०००/- | |
| १७ | पोखरे आ.वि. कक्षा कोठा र अफिस व्यवस्थापन (फर्निचर) | वडा नं ६ | १,००,०००/- | |

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १८ | रिमा सामुदायिक भवन पूर्णता | वडा नं ७ | ३,५०,०००/- | |
| १९ | घराम्दी आमा समूहको भवन तला थप | वडा नं ७ | १०,००,०००/- | निर्माणाधिन |
| २० | आदर्श मा.वि. रिमा कक्षा कोठा मर्मत | वडा नं ७ | ४,००,०००/- | निर्माणाधिन |
| २१ | रिमा गोरेटो बाटो निर्माण | वडा नं ७ | ७,५०,०००/- | |
| २२ | ओैला खेलकुद मैदान प्याराफिट निर्माण | वडा नं. ७ | १२,००,०००/- | |
| २३ | काउले सिरुवारी सडक | वडा नं. ८ | १६,००,०००/- | |
| २४ | नागी मूल सडक मर्मत | वडा नं. ८ | ५,००,०००/- | |
| २५ | जरिङ्गे मोटरबाटो स्तरोन्नती | वडा नं. ८ | ५,००,०००/- | |
| २६ | हिमाञ्चल मा.वि. खेल मैदान निर्माण | वडा नं. ८ | १३,००,०००/- | निर्माणाधिन |
| २७ | मसानघाट बाटो मर्मत तथा खानेपानी व्यवस्थापन | वडा न. ८ | २,००,०००/- | |
| २८ | कैलाश मा.वि.को छात्रवास निर्माण | वडा नं १ | १५,००,०००/- | निर्माणाधिन |
| २९ | दोवा मणिबराह युवा क्लवको स्टेज निर्माण | वडा नं १ | १५,००,०००/- | निर्माणाधिन |
| ३० | सुनारी आ.वि. आउने बाटो रेलिङ र घेराबार आयोजना | वडा नं १ | ५,५०,०००/- | |
| ३१ | ठुलोबगर खेलमैदान निर्माण तथा व्यवस्थापन | वडा नं २ | ८,००,०००/- | |
| ३२ | कटौजे मोटरबाटो स्तरोन्नती | वडा नं २ | ७,००,०००/- | |

**निर्णय नं. ३**

प्रस्ताव न. ३ उपर छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट प्राप्त तपसिलको पत्रको सुझाव कार्यान्वयन गर्ने ।

क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. न. ४५१, मिति २०८१ बैशाख ७ गतेको पत्र साथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको महाशाखा नं. ४ को प.स. ४/स्था/०८०/८१, च.न.५६२१३, मिति २०८०।१२।३० को पत्रबाट लेखि आएको "नेपाल सरकार (संघ, प्रदेश र स्थानीय) को बजेटबाट निर्माणाधीन भवनहरु विविध कारणले निर्माण कार्य सम्पन्न नभई अधुरो अवस्थामा रहेका देखिएकोले यसरी अधुरो

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

अवस्थामा रहेका भवनहरु प्राथमिकताको आधारमा निर्माण कार्य सम्पन्न गरी प्रयोगमा ल्याउन आवश्यक व्यवस्था मिलाउने " सम्बन्धी सुझाव कार्यान्वयन गर्ने ।

ख) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. न. ५८८, मिति २०८१ बैशाख २८ गतेको पत्र साथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको महाशाखा नं. २ को प.स. च.न.६१९१७, मिति २०८०।१।२५ को पत्रबाट लेखि आएको " नेपाल सरकारले हदबन्दी छानविन गर्नुपर्ने र नेपालभर रहेका हदबन्दी भन्दा बढी जग्गाको लगत राख्नुका साथै नेपाल सरकार वा नेपाल सरकारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत प्राप्त गरेको आदेश बेगर हदबन्दी भन्दा बढी जग्गाको रजिष्ट्रेशन नगर्ने व्यवस्था गर्न गराउन र हदबन्दी भन्दा बढी जग्गा प्राप्त गरेको देखिए भूमिसम्बन्धी प्रचलित कानूनी व्यवस्था बमोजिम गर्न गराउन हुन तथा हदबन्दी भन्दा बढी जग्गा धितोमा लिदा वा लिलाम विक्री गर्दा नेपाल सरकारको प्रचलित कानूनी व्यवस्था बमोजिम गर्न गराउन हुन" सम्बन्धी सुझाव कार्यान्वयन गर्ने ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिका भौगोलिक रुपमा अत्यन्त विकट भएकाले स्थानीय तहको स्रोतबाट सबै आयाममा विकास गर्न अत्यन्त कठिन हुन्छ । त्यसकारण तपसिलका आयोजनाहरु यसै गाउँपालिकामा वित्तिय हस्तान्तरण भएर वा अख्तियारी प्राप्त भएर वा अन्य कार्यालयमार्फत कार्यान्वयन हुने गरी थप बजेट विनियोजन गरिदिनुहुन गण्डकी प्रदेश सरकारमा माग गर्ने ।

तपसिल :

१. घराम्दी खिवाङ्ग सडक निर्माण — १,००,००,०००/-
२. घोडेपानी उल्लेरी सडक निर्माण — ५०,००,०००/-
३. हिस्तान - राम्चे सडक स्तोरिकरण — १,००,००,०००/-
४. नाका आल्डाँडा सडक निर्माण — ५०,००,०००/-
५. चित्रे घोडेपानी सडक कालोपत्रे — ३,००,००,०००/-
६. घोडेपानी — फूलवारी गुराँस पार्क निर्माण — ३०,००,०००/-
७. अन्नपूर्ण वेसक्याम्प पूर्वाधार निर्माण — ५०,००,०००/-
८. कालिगण्डकी किनार तटवन्ध तथा वस्ती संरक्षण — ५,००,००,००/- (क्रमागत)
९. घारखोला चित्रे सडक अन्तर्गत लुलाय र हल्लेखर्क सडक स्तोरीकरण — ५०,००,०००/-

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

१०. एक पालिका एक खेलमैदान अलपत्र योजना — ३०,००,०००/-
११. कुरिलाबगर चिमिको शिख जोड्ने सडक निर्माण — १,००,००,०००/-
१२. मुन्द्रा चडाउने डाँडा पर्यटन प्रवर्धक निर्माण — ३०,००,०००/-
१३. अन्नपूर्ण ८ र जलजला १ जोड्ने मार्ग — ३०,००,०००/-
१४. आदर्श मा.वि. खेलमैदान निर्माण — ३०,००,०००/-
१५. शहिद स्मारक र पार्क निर्माण — २५,००,०००/-
१६. नारच्याङ्ग झरना पर्यटन पूर्वाधार — ३०,००,०००/-
१७. महभिर झरना पर्यटक पूर्वाधार — ३०,००,०००/-
१८. ज्ञानप्रकाश मा.वि. देखी ठारा सम्म सडक स्तोरिकरण — ३०,००,०००/-
१९. घारखोला, नेपाने, पाउद्वार किन्दु सडक स्तोरिकरण — ५०,००,०००/-
२०. दोबा ढल निकास — ५०,००,०००/-

**निर्णय न. ५**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा श्री काफलडाँडा आधारभूत विद्यालय, अन्नपूर्ण-८, काफँलडाँडा ले चलानी नं. २७, मिति २०८१।०१।२७ गते विद्यालय भवनको जग्गा भोगाधिकार(भोगचलन) को लागि आवश्यक सहजिकरण गरिदिने सम्बन्धी पत्र उपर छलफल गर्दा साविक राम्चे गा.वि.स. वडा नं ७/ग कि.न. २ को कुल क्षेत्रफल ११-३-१-३ मध्ये ६-१०-१-० क्षेत्रफल विगत ११ बर्ष देखि भवन समेत बनाई भोगचलन गर्दै आएको तर स्वामित्व नभएको हुँदा ' सार्वजनिक जग्गा प्रयोग सम्बन्धी मापदण्ड, २०७७' को दफा ३ अनुसार भोगचलनको निम्ती नेपाल सरकार समक्ष अनुरोध गर्ने । सो को लागि आवश्यक कामकारवाही अगाडि बढाउने ।

**प्रस्ताव नं. ६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा आगामी आ.व. २०८१।८२ को बजेट तथा कार्यक्रम तय गर्न तपसिलको कार्यतालिका अनुसार कार्यक्रम अघि बढाउने ।

तपसिल :

| क्र.स. | मिति | कार्यक्रमको विवरण | कैफियत |
|---|---|---|---|
| १ | २०८१ जेठ १३ गते | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक | |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २ | २०८१ जेठ १४ गते | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र कार्यपालिकाको बैठक | |
| ३ | २०८१ जेठ १५ देखी २२ गते | वडाहरुले बस्ती/टोलस्तरमा योजना संकलन गर्ने | |
| ४ | २०८१ जेठ २२ गते सम्म | शाखाहरुले न्यूनतम आयोजना तथा कार्यक्रम पेश गर्ने र सम्बन्धित समितिमा छलफल गर्ने | |
| ५ | २०८१ जेठ २३ र २४ गते | वडास्तरमा आयोजनाहरु प्राथमिकीकरण गर्ने | |
| ६ | २०८१ जेठ २५ गते | वडाकार्यालयबाट गाउँपालिका कार्यालयमा आयोजनाहरु पेश गर्ने | |
| ७ | २०८१ जेठ २७ गते | आर्थिक विकास समितिको बैठक | |
| ८ | २०८१ जेठ २८ गते | सामाजिक विकास समितिको बैठक | |
| ९ | २०८१ जेठ २९ गते | पूर्वाधार विकास समितिको बैठक | |
| १० | २०८१ जेठ ३० गते ११:०० बजे | संस्थागत क्षमता विकास समितिको बैठक | |
| ११ | २०८१ जेठ ३० गते १:०० बजे | वन वातावरण तथा विपद व्यवस्थापन समिति बैठक | |
| १२ | २०८१ जेठ ३० गते ३:०० बजे | विधेयक समितिको बैठक | |
| १३ | २०८१ जेठ ३१ गते | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | |
| १४ | २०८१ जेठ ३२ गते | कार्यपालिकाको सबै समितिहरुको संयुक्त समितिको बैठक | |

**निर्णय नं. ७**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

१) नेपाल पत्रकार महासंघ, जिल्ला शाखा म्याग्दीले प.स. २०८०।८१, चलानी नं.६८, मिति २०८१।०१।१८ गतेको पत्रानुसार यस गाउँपालिकामा आर्थिक सहयोग गरेकोमा नेपाल पत्रकार महासंघ, जिल्ला शाखा म्याग्दीलाई रु ५०,०००/- अन्य आर्थिक सहायता शिर्षकबाट आर्थिक सहयोग गर्ने ।

२) राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, जिल्ला कार्य समिति, म्याग्दीले प.स. २०८०।८१, चलानी न. ६१, मिति २०८१।०१।२४ गतेको पत्रानुसार गणतन्त्र

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल

दिवसको अवसर पारी जिल्ला स्तरीय अन्तरमावि लोक गीत प्रतियोगिता एवंम विविध साँस्कृतिक कार्यक्रम २०८१ आयोजना गर्न रु ३०,०००/- अन्य आर्थिक सहायता शिर्षकबाट आर्थिक सहयोग गर्ने ।

३) ५ नं वडा कार्यालयको प.स. ०८०/८१, चलानी नं. ९४५, मिति २०८१।०२।०२ को सिफारिस अनुसार मिति २०८०।१२।०४ गते वडा नं ५ नेपाने स्थित पोखरेवगरबाट पाउद्वार तर्फ जादैं गरेको ग १ ज ७६५३ नं बोलेरो जिप सडक देखी २०० मिटर तल खसि वडा नं ५ निवासी २५ बर्षे लाल बहादुर तिलिजाको घटनास्थलमै मृत्यु भएको र उक्त परिवारको आर्थिक अवस्था कमजोर भएकाले नजिकको हकवाला दाजु अर्जुन तिलिजा पुनलाई विपद् व्यवस्थापन कोषबाट रु ३०,०००/- उपलब्ध गराउने ।

४) ७ नं वडा कार्यालयको प.स. २०८०/८१, चलानी नं ८३४, मिति २०८१।०१।२१ को सिफारिस अनुसार वडा नं ७ हिस्तानको दल बहादुर पुनको खुट्टामा घाउ भई सल्यक्रिया गरी खुट्टा काट्नुपर्ने भएको र हाल पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा, कास्कीमा उपचाररत रहेकोमा निजको आर्थिक अवस्था नाजुक भएकाले राहत उद्धार तथा पुनर्स्थापना शीर्षकबाट रु २५,०००/- आर्थिक सहयोग उपलब्ध गराउने ।

५) यस गाउँपालिका वडा नं. ५ मा रहेको प्राकृतिक तातोपानी पाउद्वार कुण्डलाई व्यवस्थित बनाउनका लागि डिजाइन, निर्माण सञ्चालन र हस्तान्तरण गर्ने विधि मार्फत सार्वजनिक निजि साझेदारीमा सञ्चालन गर्नका आवश्यक तयारी गरी प्रस्ताव पत्र आह्वान गर्ने ।यसमा तपसिलका शर्तहरु कायम गर्ने ।

तपसिल :

१. वार्षिक राजस्व विगतको आम्दानी राजस्व नघटाई लिने। र आ.व. २०८१।८२ का लागि रु २२,००,०००।- कायम गर्ने ।

२. ५ वर्ष सम्म प्रत्येक बर्ष १०/१० प्रतिशतले वृद्धी हुने र ५ बर्ष देखि २० बर्षसम्म प्रतिवर्ष १५ प्रतिशतका दरले वृद्धि हुने ।

३. कानुनी योग्यता पुगेको इच्छुक निजी निकाय ( अन्नपूर्ण गाउँपालिकाको सार्वजनिक साझेदारी साझेदारी सम्बन्धी ऐन, २०७६ को दफा २(छ)) बाट डिजाईन, निर्माण, सञ्चालन र हस्तान्तरण गर्न प्रथम पटक ३० दिन भित्र मनाशयको लागि तोकिएको ढाँचामा निवेदन पेश गर्न आह्वान गर्ने ।

४. योग्यता पुगेको इच्छुक निवेदकहरुले आवश्यक प्राविधिक, आर्थिक र योग्यताको क्षमता अभिवृद्धि गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संग संयुक्त उपक्रम (Joint Venture)मा समेत निवेदन दिन सक्नेछन् ।

५. आशयपत्र मूल्याङ्कन गर्दा प्राविधिक क्षमता (४० प्रतिशत), आर्थिक क्षमता (३५ प्रतिशत), अनुभव (२० प्रतिशत), स्थानीय (अन्नपूर्ण गाउँपालिका म्याग्दी) (५ प्रतिशत) को आधार गरिनेछ ।

६. आशयपत्रमा छनौट हुनको लागि कुल अङ्कको कम्तीमा ६० प्रतिशत प्राप्त गर्नुपर्नेछ ।

७. यस Model बाट जादा सम्वन्धित वडालाई ३३% राजश्व फिर्ता नगर्ने।

८. PPP Model मा गाउँपालिकाबाट लगानी नगर्ने।

९. २० वर्षको लागि मात्र सम्झौता गर्ने।

१०. सम्झौता समाप्त भएपछि सम्पूर्ण (भौतिक) पूर्वाधार, संरचना पालिकालाई हस्तान्तरण गर्ने।

११. आर्थिक वर्षको श्रावण महिनाभित्र राजस्व पालिकामा बुझाई सक्ने।

१२. राजस्व नतिरेमा, संस्थाले नियमित रुपमा संचालन गर्न नसकेमा कुनै शर्त विना सम्झौता रद्द हुनेछ।

१३. सम्झौता अवधिभर कुण्डमा हुनसक्ने भवितव्य दुर्घटनाको पालिका जवाफदेही हुने छैन।

१४. साझेदारीको सम्झौता हुने कम्पनी/संस्थाले अन्य कुनै संस्था/निकायलाई कार्यान्वयन गर्न दिन पाउने छैन।

१५. पाउद्वार कुण्डमा निम्न संरचना निर्माण गर्नुपर्ने छ । सो को विस्तृत परियोजना प्रस्ताव सहित पेश हुनुपर्नेछ । र पेश भएको डिपिआर/प्रस्ताव बमोजिमका क्षेत्रमा ३ बर्षभित्र ५० प्रतिशत लगानी गरीसक्नुपर्नेछ । थप ५० प्रतिशत लगत्तैको ५ बर्ष भित्र लगानी गरिसक्नुपर्नेछ ।

- स्तरीय Lighting, Internet
- कुण्डः ३ वटा व्यवस्थित, Steam/Sona Bath को प्रवन्ध।
- भवनः Canteen (सुविधाजनक), Coffee house/Shop
- मनोरञ्जनात्मक संरचना
- शौचालयः महिला-२, पुरुष-२ अपाङ्गमैत्री-२
- स्नान घर/सावर रुमः महिला-५, पुरुष-५
- Changing Room: महिला-५, पुरुष-५
- १०० जना क्षमताको आवास भवन
- धारा, खानेपानीको प्रवन्ध
- स्वास्थ्य, पर्यटन, जिविकोपार्जनलाई कुण्डसँग सम्बन्धित भएर सो क्षेत्रमा अनुसन्धान ।

६) असल सिकाई आदान प्रदान गर्नका लागि मायादेवी गाउँपालिकाको कम्हरिया स्वास्थ्य चौकी, ढोरपाटन नगरपालिकाको बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र र ढोरपाटन सामुदायिक स्वास्थ्य इकाई तथा गलकोट नगरपालिकाको काँडेवास स्वास्थ्य चौकीको अध्ययन भ्रमण

कार्यक्रम गर्ने । सो का लागि आवश्यक बजेट रु ४,६०,०००/- विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च र विविध कार्यक्रमबाट बहन गर्ने ।

७) भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दी र अन्नपूर्ण गाउँपालिकाको संयुक्त पहलमा यस गाउँपालिकामा खोरेत, एच.एस.वि.क्यू, लम्कि स्किन, पि.पि.आर. क्लासिकल, स्वाईन फिभर र रेविज खोप अभियान सञ्चालन भएकाले सोलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहजीकरण गर्ने ।

८) आन्तरिक राजश्व प्राप्ति हुने ठाउँहरुमा 'राजस्व प्राप्ति सहजिकरण समिति' सोही वडाको वडाँध्यक्षको संयोजकत्वमा समिति गठन मिति २०८० असार ४ गते भित्र गठन गरी गाउँपालिका कार्यालयमा जानकारी गराउने ।

- संयोजक- वडाध्यक्ष
- सदस्यहरु —३ जना (१ जना महिला सहित वडाध्यक्षले तोकेका स्थानीय जानकारहरु)
- सदस्य-सचिव- वडा सचिव

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल